**नेपाल स्टक एक्सचेन्ज लिमिटेड**

**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

**मिति २०६६/७/६ गते शुक्रवार देखि २०६६/७/१२ गते विहिवार सम्मको कारोबार**

यस साता नेपाल स्टक एक्सचेन्जमा ९५ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४५४४ कारोबारबाट २७ करोड ६३ लाख ५६ हजार रुपैयाँ बराबरका ४ लाख ९२ हजार ३ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । गत साता १४६७ शेयर कारोबारबाट ७ करोड ३२ लाख ३२ हजार रुपैयाँ बराबरका १ लाख २१ हजार ९ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १७ करोड ८५ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६४.६१ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २१.२४ अंकले ह्रास भई अन्तिम दिन ५७८.१९ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५८५.८४ | ४३८.८२ | ३६९.७५ | ६३४.४५ | ८३३.२१ | २५६.४१ | ६०८.९१ | ६२४.९२ | ६४९.३६ | ५९९.४३ | १५१.७३ | ५७.४४ |
| दोस्रो | ५७९.२६ | ४३८.८२ | ३६९.७५ | ६३५.६२ | ८२३.५७ | २६१.२१ | ६०८.७२ | ६२१.८१ | ६४७.८८ | ५९५.३३ | १५०.३२ | ५६.९४ |
| तेस्रो | ५७१.२३ | ४३८.८२ | ३६८.६१ | ६३४.४५ | ८२६.४५ | २६१.२१ | ६०७.३८ | ६१९.४० | ६४८.२७ | ५९०.४४ | १४८.४७ | ५६.४५ |
| चौथो | ५६३.६३ | ४३८.८२ | ३६८.६१ | ६२८.५७ | ८३२.४७ | २६१.२१ | ६०६.०७ | ६१७.३१ | ६४७.८० | ५८५.०४ | १४७.०६ | ५६.०६ |
| पाँचौं | ५५२.१९ | ४३८.८२ | ३६८.६१ | ६२८.५७ | ८२९..०९ | २६१.२१ | ६०६.३० | ६१४.२० | ६४६.८१ | ५७८.१९ | १४४.५७ | ५६.२६ |
| परिवर्तन | -३३.६५ | ०.०० | -१.१४ | -५.८८ | -४.१२ | ४.८० | -२.६१ | -१०.७२ | -२.५५ | -२१.२४ | -७.१६ | -२.१८ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ७.१६ अंकले ह्रास भई १४४.५७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (३ करोड ११ लाख रुपैयाँ) को अधारमा बैंक अफ काठमाण्डू, शेयर संख्या (७६ हजार कित्ता) को आधारमा किष्ट बैंक तथा कारोबार संख्या (५६६ वटा) को आधारमा पशुपति डेभलपमेन्ट वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | बैंक अफ काठमाण्डू | ३१.१९ |
| २ | किष्ट बैंक | २७.५९ |
| ३ | नेपाल एसबिआई बैंक | २६.२० |
| ४ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २०.५७ |
| ५ | नबिल बैंक | १४.७० |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | सिभिल मर्चन्ट वित्तीय संस्था | हकप्रद | ४९९२७० कित्ता |
| २ | पिपल्स फाइनान्स | हकप्रद | ६६६९६२ कित्ता |
| ३ | पोखरा फाइन्स | हकप्रद | १२७२० कित्ता |
| ४ | नारायणी डेभलपमेन्ट बैंक | हकप्रद | ९९८८४ कित्ता |
| ५ | सन्राइज बैंक | साधारण | १२५००००० कित्ता |
| ६ | प्राइम कर्मसियल बैंक | साधारण | १०००००००० कित्ता |
| ७ | भिवोर विकास बैंक | साधारण | ६८०००००० कित्ता |
| ८ | निर्धन उत्थान बैंक | वोनस | २०९९३६ कित्ता |